**बैठक संख्या : ६६** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७६।१०।१९ गते** **समय : विहान ८ : ०० बजे**

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्बिका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

**बैंठक संख्या : ६६** **मिती : २०७६।१०।१९ गते समय : विहान ८ : ०० बजे**

**प्रस्तावहरु**

१. योजना कार्यान्वयन सम्बन्धमा ।
२. मनोपरामर्श तालिममा सहभागी पठाउने सम्बन्धमा ।
३. स्थानिय पाठ्यक्रम निर्माण गर्ने सम्बन्धमा ।
४. दिवा खाजाको लागि नपुग रकम सम्बन्धमा ।
५. नमुना पर्यटकिय ग्राम निर्माण गर्ने सम्बन्धमा ।
६. शान्ति पार्क निर्माण योजना माग गर्ने सम्बन्धमा ।
७. क्रिकेट रगंशाला निर्माण सहयोग सम्बन्धमा ।
८. स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा ।
९. नगरपालिका भवन अगाडीको खाल्टो पुर्ने सम्बन्धमा ।
१०. जग्गाको वर्गीकरण गर्ने सम्बन्धमा ।
११. विस्तावित शिक्षकलाई स्थापित गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

**प्रस्ताव** नं. १ माथि छलफल गर्दा चालु आ.व. ०७६/७७ मा कार्यान्वयन गर्ने गरी स्वीकृत भएका निम्न **योजना**हरुलाई देहाय बमोजिम हुने गरी संचालन गर्ने निर्णय गरियो ।

१. सार्वजनिक जग्गा संरक्षण कार्यक्रमको लागि नगर तर्फ सि.नं. ९ मा रहेको रु २०,००,०००। बिस लाखबाट नगरका विभिन्न स्थानहरुका सार्वजनिक जग्गाको विवरण वडाबाट लिइ ५ स्थानमा संरक्षण कार्य गर्ने ।
२. नगरपालिका तर्फ सि.नं. १६ को विकास रणनैतिक योजना निर्माण र सि.नं. १८ को शहरी मापदण्ड सम्बन्धी कार्य कार्यालयले परामर्श दाता/विज्ञहरुद्धारा शीघ्र गराउने ।
३. नगर तर्फको सि.नं. ३३ मा रहेको टोल विकास संस्थाहरु व्यवस्थापन शीर्षकको रु १०,००,०००। दश लाख बजेटबाट प्रत्येक वडामा कम्तीमा १ नमुना युक्त कार्य टोल विकास संस्था मार्फत गराउन उपयुक्त योजना/कार्यक्रम छनौट गरी पठाउन वडा कार्यालयहरुलाई निर्देशन दिने ।
४. सि.नं. ३९ मा रहेको मौरीपालन कार्यक्रममा विनियोजित रकम रु २० लाखबाट प्रत्येक वडामा एक मौरी समुह गठन गरी सो समुहलाई मौरी विकास कार्यक्रम संचालन गर्न मौरीघार उपलब्ध गराउने निर्णय गरीयो ।
५. सि.नं. ५३,५४ मा रहेको विपन्नलाई बास साझेदारी कार्यक्रमबाट वडा समितिबाट निर्णय गरी अति विपन्न व्यक्ति वा परिवार वा बसोबास गर्ने स्थान समेत उपयुक्त खालको नभएका व्यक्ति/परिवारको लागि प्रत्येक वडामा विभिन्न साझेदार संस्था समेतको समन्वयमा कम्तीमा २ परिवारको लागि घर बनाउने कार्यको लागि प्रति वडा रु ४,००,०००। चार लाख बराबरको घर निर्माण गर्ने गरी कार्य सम्पन्न भएको आधारमा नगरपालिकाले भुक्तानी दिने निर्णय गरियो ।
६. सि.नं. ५९ मा रहेको साइलेस बनाउने उद्योग स्थापन गर्न विनियोजित बजेट रु २०,००,०००। विस लाखबाट उद्योग स्थापना गर्न राप्ती नगरपालिका भित्र रहेका दुग्ध सहकारीसँगको सहयोग/साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

X

**बैंठक संख्या : ६६** **मिती : २०७६।१०।१९ गते समय : विहान ८ : ०० बजे**

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्राइम नेपालद्वारा संचालन हुने ६ महिने मनोपरामर्श तालिममा राप्ती-२ बस्ने श्री पार्वती नेपालीलाई पठाइएको व्यहोरा अनुमोदन गर्दै सो तालिमको लागि तोकीएको खर्च रु ५००००। सो संस्थालाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्न आवश्यक भएकोले नगरशिक्षा समितिको निर्णय बमोजिम सामाजिक विकास समितिका संयोजक श्री पुष्पा के सी कुवरको संयोजकत्वमा गठित समितिबाट तयार गरिएको पाठ्यक्रम निर्माण सम्बन्धी प्रस्ताव स्वीकृत गरी सो प्रस्तावमा उल्लेखित लागत रु ३,८५,०००। उपलब्ध गराउनै निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाबाट विनियोजन गरी दिइदै आएको छात्राछात्रहरुको लागि दिवा खाजामा बजेट नपुग हुने देखिएकोले के कति छात्रछात्राहरुको लागि बजेट नपुग हुने हो, सो एकीन गरी पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बाग्मती प्रदेश सरकार उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालय पर्यटन विकास आयोजना हेटौडाबाट मिति २०७६।१०।१२ मा प्रकाशित सुचना अनुसार यस नगरपालिकाबाट नमूना पर्यटकीय ग्राम निर्माणको लागि राप्ती-६ मा अवस्थित भाष्माडी गैंडा ताल र आसपासको क्षेत्रलाई छनौट गरी कार्यान्वयन गरिदिन सो आयोजना माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बाग्मती प्रदेश सरकार आन्तारिक मामिला तथा कानून मन्त्रालय हेटौडाको च.नं. १०१९ मिति २०७६।०९।२१ को पत्रबाट शान्ती पार्क सम्बन्धी अनूसुची फारम भरी पठाइ दिन लेखी आएको पत्रको सम्बन्धमा राप्ती-७ को शान्तीकुञ्जलाई छनौट गरी सो योजना संचालन गरी दिन उक्त मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा भरतपुर महानगरपालिका चितवन बागमती प्रदेशमा निर्माण हुन गइरहेको गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणको लागि सहयोग गरिदिन आव्हान/अनुरोध भइ आएकोले यस नगरपालिकाको विविध कार्यक्रम खर्च सि.नं. ४५ बाट रु ५,५५,५५५। पाच लाख पचपन्न हजार पापसय पचपन्न उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगरपालिकाको प्रत्येक वडामा एक स्वास्थ्य चौकी राख्ने नीती अनुरुप यस नगरपालिकाको वडा नं. ३, ४, ६, ७, ८ र ११ मा स्वास्थ्य चौकी भवन निर्माण गर्नुपर्ने भएकोले उक्त वडाहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त पत्र बमोजिम ७ दिन भित्र जग्गा एकिन गरी पठाउने सो म्याद जग्गा प्राप्त हुन आएका वडाहरुको लागि तुरुन्तै स्वास्थ्य चौकीहरु निर्माण गर्न बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**बैंठक संख्या : ६६** **मिती : २०७६।१०।१९ गते समय : विहान ८ : ०० बजे**

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा पम्पा खोलाको साना किसान विउविजन प्रशोधन कार्यालय नजिकै ड्याक/ड्याम निर्माण गर्दा तहाँ जम्मा भएको ग्राभेल/माटो कटिङ गर्नुपर्ने हुँदा सो कटिङ गर्दा निकाल्नु पर्ने नदीजन्य पदार्थ नगरपालिकाको भवन अगाडीको खाल्टो पुर्न कामका प्रयोग गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा लोकमार्गको दायाँवायाँ १/१ किलोमिटर बजार क्षेत्र, लोकमार्गको उत्तर तर्फ पहाडको फेदी सम्म बस्ती (बसोबास आवास क्षेत्र), पहाडी ४ ओटा वडाहरु (१०, ११, १२ र १३) कृषी तथा वेमौसमी तरकारी पकेट क्षेत्र आवास तथा पर्यटन क्षेत्र, लोकमार्गको दक्षिण तर्फ १ कि मी देखी जंगल किनार सम्म कृषी र बसोबास क्षेत्र र दक्षिण तर्फको जंगल किनारा पर्यटन क्षेत्रको रुपमा विकास गर्ने गरी भूगोलको वर्गीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा विद्यालयमा कार्यरत करारका शिक्षकहरु अन्य व्यक्ती स्थायी नियुक्ति भइ आएको कारण विस्तापित हुन पुगेका छन । तथापी कतिपय विद्यालयहरुमा पुन पद रिक्त हुन पुगेको छ अत: प्रचलित कानूनको प्रतिकुल नहुने गरी विस्तापित शिक्षकलाई स्थापीत गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।